छलफल तथा निर्णयहरु

१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल (Second International Airport-SIA) को निर्माण कार्य अगाडी बढाउने सम्बन्धमा माननीय मन्त्रीज्यूको निर्णयानुसार गठित SIA Modality सिफारिस समितिले तयार गरेको प्रतिवेदनका आधारमा Engineering Procurement, Construction and Financing (with or without GoN Financing) अन्तर्गत निर्माण तथा सञ्चालनका लागि सार्वजनिक निजी साझेदारीको Operation-PPP मोडालिटी चयन गर्न नेपाल सरकारलाई सुझाव दिएको सन्दर्भमा मन्त्रालयबाट आयोगको राय/सुझाव उपलब्ध गराइदिन अनुरोध भई आएको विषयमा देहाय अनुसारको सुझाव पठाउने ।

(क) राष्ट्रिय गौरवका आयोजनाहरु समयमै शुरु गरी तोकिएको लागत र समयमा नै सम्पन्न गराउने सम्बन्धमा यस आयोगको सदैव ध्यानाकृष्ट भइरहेको छ । प्रस्तुत आयोजनाको सम्बन्धमा समेत विस्तृत सम्भाव्यता अध्ययन गर्ने कोरियाली कम्पनीसँग भएको सम्झौता अनुरुप नेपाल सरकारले बेहोर्नुपर्ने दायित्व बढ्दै जाने भएकोले राष्ट्रिय विकास समस्या समाधान समितिको ३९औं र ४०औं बैठकको निर्णय अनुसार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यस विषयलाई यथाशिघ्र टुङगाउनु पर्ने ।

(ख) यस आयोगले मिति २०६४।०९।८ मा नै आयोजना अघि बढाउन निर्णय गरी पठाइसकेको व्यहोरा अवगत नै छ । यस आयोगले सुझावसम्म दिने प्रयोजनका लागि ताहाँबाट विमानस्थलको निर्माणका लागि प्रस्तावित विकल्पमध्ये नेपाल सरकारको समेत लगानी हुने गरी प्रतिस्पर्धात्मक विधि अपनाई Engineering Procurement and Construction (EPC) मोडलमा अघि बढाउन उपयुक्त हुने।

(ग) विमानस्थल निर्माण भए पछि संचालनका लागि प्रतिष्पर्धात्मक आधारमा विश्वसनीय अन्तर्राष्ट्रिय तथा स्वदेशी निजी लगानी सहितको सार्वजनिक निजी साझेदारी (PPP) मोडल अपनाउन उपयुक्त हुने ।